नेपाली सन्देश
The Nepali Sandesh Weekly साप्ताहिक

वर्ष ६,अंक ०२,२०६६ साल, असोज २० गते मंगलवार

**Publisher :Everest World Ltd.**
Chief Editor : B K Pandey
Editor : Govind Belbase
Managing Editor : B P Khanal
**Address** *: 51 Brookfurlong, Peterborough, PE3 7LQ*
*Web : www.nepalisandesh.com*
*Email : editor@nepalisandesh.com*
*Phone : 01733269772 / 07723368496*
*Fax : 01733530444*

नेपाली सन्देश
The Nepali Sandesh Weekly साप्ताहिक

## सम्पादकीय

# चाडवाडहरुमा पनि समावेशीकरण जरुरी छ

यो वर्षको दशैंले पनि बिदा लिएको छ । नेपालमा यो चाड कसैको लागि दशा र कसैको लागि दशैं हुने गर्छ । तर प्रवासमा भने दशैं दशाको रुपमा देखा पर्दैन किनभने प्राय प्रवासमा रहनेहरुको आर्थिक स्थिति मजबुत नै रहने गरेको छ ।

नेपाल छोडेर टाढा रहेर हो कि किन हो नेपाली भाषा, संस्कृति, चाडपर्वहरु अहिले प्रवासमा झन् महत्वका साथ अगाडि बढिरहेका छन् । दशैंमा प्रवासमा रहेका प्राय सबै नेपालीहरु कुनै न कुनै किसिमले दशैं मनाउने कार्यमा संलग्न रहेको पाइएको छ । यो पर्व धार्मिक भन्दा पनि सांस्कृतिक रुपमा स्थापित हुन पुगेकोले पनि बहुसंख्यक नेपालीहरु दशैंको रमझममा रमाउने गरेका छन् । नेपाली परिप्रेक्ष्यमा हेर्ने हो भने नेपाली समाजमा हिन्दु धर्म र संस्कृतिको दबदवा रहेको कुरा तितो भए पनि स्वीकार गर्नै पर्छ । तर यो सामाजिक अवस्था रहे पनि धार्मिक सहिष्णुता मात्र होइन धार्मिक सहभागिताको परम्परा पनि नेपालमा रहेको छ । हिन्दु र बौद्ध धर्मावलम्बीहरु एक अर्काको मन्दिरमा पुग्ने गर्छन । दुबै धर्ममा समान आस्था राख्नेहरुको संख्या पनि नेपालमा ठूलो छ । जुन एउटा नेपालको आफ्नै उदाहरणीय र अनुकरणीय संस्कार पनि हो ।

दशैंमा मात्र होइन अन्य नेपाली चाडवाडहरु जुन हिन्दुसँग सम्बन्धित छैनन् त्यसमा पनि आम नेपालीहरु सहभागी बन्ने परिपाटीको विस्तार गर्नु जरुरी छ । तमु, मगर, किरात, नेवार आदि जुनसुकै समुदायको चाडपर्वहरु हामी सबै नेपालीका पर्वहरु हुन् । प्रत्येक पर्वहरुमा हाम्रो नेपाली संस्कृतिको आफ्नै खालको बिशेषताहरु रहेका छन् । त्यसैले सबैखाले चाडपर्वहरुलाई हामीले हाम्रो साझा पर्वको रुपमा लिएर अगाडि बढ्नु पर्छ ।

बेलायतमा रहेको राजदूतावासले दशैंमा जसरी भेटघाटको आयोजना गऱ्यो त्यस्तै अन्य हाम्रा राष्ट्रिय पर्वहरुमा पनि त्यस्तै गर्ने परिपाटी बसाल्नु जरुरी छ । हरेक क्षेत्रमा समावेशी हुने प्रयासमा लाग्नु अहिलेको समयको माग हो । साथसाथै समावेशीको अर्थ धर्म, जात र सम्प्रदायको खाडललाई पुर्दै जाने गरी समाजलाई अगाडि बढाउने हुनुपर्छ । यसको लागि हामी गैर आवासीय नेपालीहरुले पनि महत्वपूर्ण योगदान पुऱ्याउनु जरुरी छ ।

## साताका बोली

प्रचण्डले अन्तिम अश्त्रको रुपमा प्रधानमन्त्रीको जालो कांग्रेसमा फालेका छन्, त्यसको पछि लाग्ने हो भने मुलुकमा ठूलो दुर्भाग्य हुनेछ ।
***- फोरम लोकतान्त्रिकका अध्यक्ष तथा उपप्रधानमन्त्री विजयकुमार गच्छदार ।***

सौहार्दपूर्ण जमघटमा गिरिजाबाबु, झलनाथाजी अनि प्रचण्डजीले पाखुरा मिचामिच त गर्न भएन नि । मिठो खाँदा मिठै कुरा हुन्छ तर समस्याको हल भेटघाटका मिठा गफले हुँदैन
***- डा. बाबुराम भट्टराई, उपाध्यक्ष एकीकृत नेकपा (माओवादी)***

मैले गिरिजाप्रसाद कोइरालालाई प्रधानमन्त्री बन्न प्रस्ताव गरेको छैन । यी सबै निराधार हल्ला हुन् ।
***- प्रचण्ड, अध्यक्ष एकीकृत नेकपा (माओवादी)***

## ट्याम्पो व्यवसायीहरु आन्दोलनमा

काठमाडौं /सरकारले राजधानीमा सञ्चालनमा रहेका तीनपाङ्ग्रे ग्यास टेम्पोलाई हटाउने निर्णय गरेको विरोधमा व्यवसायीहरु आन्दोलनमा उत्रिएका छन् । गत भदौ २८ गतेको मन्त्रिपरिषद बैठकले उपत्यकामा सञ्चालनमा रहेका ३ पाङ्ग्रे ग्यास टेम्पो हटाउने निर्णय गरेको थियो ।

निर्णयको विरोधमा व्यवसायीले सोमबारबाट आन्दोलन थालेका हुन् । टेम्पो व्यवसायीले टेम्पोमा कालो झण्डा राखी टेम्पो ऱ्याली निकालेका छन् । सरकारले बिना तयारी र ग्यास टेम्पो हटाउने निर्णय गरेको भन्दै उनीहरुले ग्यास टेम्पो हटाउनु परे सरकारले क्षतिपूर्ति दिनुपर्ने माग राखेका छन् । सरकारले मागको सुनुवाई नगरेसम्म आन्दोलन जारी राख्ने उनीहरुको भनाई रहेको छ ।

## एसएसबीको यातनाबाट नेपालीको मृत्यू

काठमाडौं/ भारतीय सीमा सुरक्षाबल एसएसबीका सुरक्षाकर्मीको यातनाबाट आइतबार बिहान एक नेपालीको मृत्यू भएको छ । रौतहट स्थित सुरमजुवा गाविस ४ का मुखल राय यादवको भारतीय सुरक्षा बलका जवानको यातनाबाट मृत्यू भएको हो । उनलाइ पक्राउ गरी यातना दिएपछि यादवको मृत्यू भएको बताइएको छ । भारतको जमुनातर्फ जाँदै गरेको अवस्थामा उनलाई भारतीय सुरक्षाकर्मीले रोकी पैसा मागेको र पैसा नदिएपछि थुनेर यातना दिएको बताइएको छ ।

## शुभकामना अमेरिकाबाट

परिवर्तनको प्रक्रियामा रहेको नेपालका विषम परिस्थितिमा विदेशमा पनि हाम्रो सूचना र विचार लाई नेपाली जनमानसवीच आफ्नै भाषा र मनले पस्कने सोचका साथ नेपाली सन्देश साप्ताहिकको जन्म भएको थियो । विदेशको ठाउँ, नेपाली पत्रिकाको लागि स्रोत र सामाग्री तथा पर्याप्त आर्थिक लगानीको अभाव, संचालनको कमजोर संगठनका बावजुद पनि यसको सफलताको कारण भने संचालकहरुको अठोट र बेलायतवासी नेपाली पाठक तथा यसका शुभ चिन्तकहरु नै हुन । त्यसैले यसले आफ्नो जन्म दिन २० सेम्टेम्वर, सन् २००४ देखि हालसम्म अविछिन्न रुपमा सूचनाको सेवा प्रदान गर्दैआएको छ ।

नेपाली सन्देश साप्ताहिकले आफ्नो प्रकाशनको पाचौं वर्ष पूरा गरी छैटौं वर्षमा प्रवेश गरेको यो पुनित अवसरमा यसको अविरल निरन्तरता, निस्पक्षता, विश्वासनीयता तथा समसामयिक स्तरीयताको लागि उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

प्रकाशनले आफ्नो जीवनको सुरुवातवाट नै अगाल्दै आएको राष्ट्रिय एकता, प्रजातन्त्र, मानव अधिकार, विधिको शासन तथा राष्ट्रप्रेमको सन्देशलाई सधैं वोक्ने छ र परिवर्तनको नाममा हुने कुनै पनि संगठित, असंगठित अराजक गतिविधिका विरुद्धमा सधैं आफ्ना शसक्त आवाजहरु बुलन्द गर्दै राष्ट्रप्रेमी नेपालीहरुलाई एकतावद्ध गर्न अहं भूमिका निर्वाह गर्ने छ भन्ने पूर्ण विश्वास छ । फेरि पनि शुभकामना ।

**रामकुमार बिमली,**
**पूर्व (संस्थापक) कार्यकारी सम्पादक,**
**नेपाली सन्देश साप्ताहिक**
**हाल- संयूक्त राज्य अमेरिका**

# मैले नबुझेको दोहोरो नागरिकता र परिचय पत्र

**प्रवास**
**रोहितकुमार गुरुङ**

सार्वभौमसत्ता सम्पन्न मुलुकको कानूनले अनुबन्ध गरे बमोजिम नियम कानूनको पालना गरी मुलुकमा शान्ति अमन चयन तथा कानूनी व्यवस्था लागु गर्न गराउदैं शासन व्यवस्थाका मर्यादापालकले जनताका हक हितको संरक्षण गरेका हुन्छन् । आफ्नो मुलुकको राष्ट्रिय दायित्व निर्वाह गर्ने मानिसहरु देशका नागरिक हुन्छन् । नागरिकको कसि लगाउने काम हो नागरिकता । नागरिकता भन्नाले विश्वको कुनै देशमा जन्मेको नाताले त्यस देशको सम्बन्ध भएको, देशको कानुनको पालना गर्ने गरी आफ्नो हक हितको संरक्षण गर्ने व्यक्ति विशेषको उक्त देशको लागि एउटा परिचय हो । कुनै पनि मुलुकको सीमा पार गर्ने सम्बन्धमा यस विषयको ठूलो महत्व रहेको हुन्छ । मुलुक मुलुक वा देश देशको आफ्नो सम्झौताअनुसार एक देशको नागरिकले अर्को देशको नियमको पालना गर्ने व्यवस्था सदियौंदेखि चल्दै आएको छ । कुनै पनि देशको शासक र नागरिकको सम्बन्धले गर्दा नागरिक शब्द देशको संविधानको धारामा अनुबद्ध भएको हुन्छ । त्यसैले संविधानमा नागरिकको कर्तव्य, अधिकार र संरक्षणको कडा निगरानी राखिएको हुन्छ । जस्तै कि प्रथम र द्वितीय विश्व युद्धमा विवादको विषय मुलुक जित्ने काम मात्र नभई नागरिकहरुको संरक्षण सम्बर्द्धनका कुरा पनि थिए ।

प्रसङ्ग सेप्टेम्बर २७ तारिखमा नेपाली सन्देश साप्ताहिकले आफ्नो छैठौं वार्षिकोत्सवमा राखेको अन्तरक्रियाको विषय दोहोरो नागरिकता र परिचय पत्रको हो । विगतमा पनि यो विषयले ठूलो चासो पाएको थियो । यसै सिलसिलामा केही सेमिनार, गोलमेच कुराकानीमा एनआरएनको भूमिका जुन दह्रो रुपमा अगाडि बढेको छ यसलाई समेत ख्याल गर्दै तथा राजनीतिक छलफलको विषय भएको हुनाले म पनि त्यस अन्तरक्रियामा उपस्थित भएँ । बेलायतमा सन् २००४ देखि मात्र सुरु भएको यस विषयले मुख्य प्राथमिकता पाएको छ किनभने ब्रिटिश फौजमा कार्यरत नेपालीहरुको संख्या दिनानुदिन बढ्दै गइरहेको छ । अर्कोतर्फ यो विदेशतर्फ लागेका २० लाख नेपालीहरुको ठूलो प्रश्न पनि हो । प्रश्नको मुल समस्यालाई सूचिकृत गर्दै अधिवक्ता एवं नेपाली सन्देशका सम्पादक श्री गोविन्द बेलबासेले प्रष्ट रुपमा दोहोरो नागरिकताको हकमा उठेका प्रश्न, चुनौति, त्यसमा उठेका तर्क वितर्क र नेपालको संविधानले व्याख्या गरेको कुरालाई उठाउँदै दोहोरो नागरिकता संसारको विभिन्न मुलुकले अपनाएकोमा आफ्नो उद्गमको सम्बन्ध र दोस्रो पुस्ताको हित र आफ्नो परिचयको खुलासा गर्दा पार्ने प्रभाव बारे सटिक बुँदा प्रस्तुत गर्नु भयो । त्यस्तैगरी अर्का अधिवक्ता किर्तिविलास पन्तले सो विषयमा कानुनको व्याख्याले नेपाली नागरिकले अरु देशको नागरिकता लिएमा नेपालको नागरिकता स्वतः समाप्त हुने कुरा उल्लेख भएको बताउनु भयो । त्यसो त दोहोरो नागरिकता दिने देशहरु भारत, पाकिस्तान, फिलिपिन्स आदि मुलुकले भोट दिने अधिकारबाट गैर आवासीय नागरिकहरुलाई बञ्चित गरेको छ पनि भन्नु भयो । सरकारले एनआरएन प्रस्तावित नियमावलीमा परिचय पत्रको व्यवस्था गरी दश वर्षसम्मका लागि विना भिसा आवत जावत गर्न पाउने, काठमाडौं र अन्य क्षेत्रमा १२ रोपनी र १० कठ्ठा जग्गा एवं घर बनाउन पाउने र लगानीका प्रशस्त आधारहरु बनाई दिएको र त्यसलाई साथ दिन नेपालमा कमाएको रकम विदेशी मुद्रामा लान सकिने व्यवस्थाका बारेमा प्रकाश पार्दै वहाँले दोहोरो नागरिकताको सवाललाई यी आदि कुराहरुले पूर्णता भने दिन नसक्ने बताउनु भयो । नेपाली जनसम्पर्क समितिका महामन्त्री शान्त विनोद लामिछानेले नेपाली कांग्रेसका नेता रामचन्द्र पौडेलले संसदमा दोहोरो नागरिकताको बारेमा बोल्नु भएको र अरु नेताले त्यसलाई पछ्याएर बोलेको कुरा बताउनु भयो । बेलायतबाट प्रकाशित हुने अंग्रेजी पत्रिका सोसाइटी टुडेका सम्पादक होम परिवागले आफूले उच्च श्रेणीको पत्रकारिताको सिलसिलामा पाउने सुविधा यूरोपियन नागरिक नभई नेपाली नागरिक भएको कारणले गर्दा कागज पत्रको प्रबन्ध मिलाउन ज्यादै लामो समय कुर्दा कुर्दै त्यस सुविधाबाट बञ्चित हुनु परेको तितो अनुभव सुनाउनु भयो । तर आफू नेपाली हुनको गर्व भने कहीँ कतै नघटेको पनि वहाँले बताउनु भयो । एभरेष्ट टाइम्सका प्रतिनिधि श्री ज्ञाम गुरुङ्गले ब्रिटिश गोर्खा फौजका कारणले हरेक चार वर्षमा पदासिन जवानहरुले ब्रिटिश नागरिकता प्राप्त गर्नाले दोस्रो पुस्तादेखिको आफ्नो देशको माया कमि हुँदै जाने कुरा बताउनु भयो । इतिहासकार प्रोफेसर सुरेन्द्र केसीले देश जङ्गली कानुन भएको मुलुकमा परिणत हुन लागेको बेलामा देशको दोहोरो नागरिकताको इच्छा के कति कारणले भएको हो, त्यसमा स्वार्थ लुकेको शंका गर्दै सेवा गर्ने विद्वानहरु, यूवाहरु फेरि देशमा नै फर्केमा देशको विकास हुन सक्ने बताउनु भयो । नेपालीपनको उजागर खोज्दै विभिन्न देश घुम्नु भएको बताउनु हुँदै केसीले दोहोरो नागरिकताले भुतपूर्व सैनिकहरुलाई भ्रमित पारेको पनि टिप्पणी गर्नु भयो । आफ्नो विचार अगाडि सार्ने क्रममा गेसोका अध्यक्ष पदमबहादुर गुरुङ्गले मुलुकले यूवाहरु खास गरी मतवालीहरुलाई अरु देशको सुरक्षाको जिम्मा लगाउने काम सदियौंदेखि गर्दै आए पनि उनीहरुले देशको र आफ्नोपनको भावना हटाउन हुँदैन भन्नु भयो । कुनै देशमा सेवा गरे बापत उसले दिने नागरिकताको हक पाउनाले वा समान व्यवहार पाउँदा हाम्रो देशलाई गाह्रो हुन्छ भने के हिसाबले भारत तथा ब्रिटिश भर्ती केन्द्र खोल्न दिइएको हो भनि प्रश्न गर्नु भयो ।

गेसोका संस्थापक सचिव डा. चन्द्रबहादुर गुरुङ्गले दोहोरो नागरिकताको प्रसङ्ग मुसाहरु बीचको ढाडे बिरालो भएको उदाहरण पेश गरी देशका मन्त्रीहरु ढाडे बिरालोको आदेश पर्खेर बस्ने अवस्था भएकोले पनि दक्षिण एशियाली उपमहाद्विपमा रहेका देशहरुले दोहोरो नागरिकता अङ्गिकार गरे पनि हाम्रो देशलाई ढाडेबिरालोको रुपमा रहेको दक्षिणको छिमेकी नै छेकवार भएको बताउनु भयो । एन आर एनका अध्यक्ष सूर्य गुरुङ्गले विदेशमा बस्ने भन्नासाथ भारतमा बस्नेहरु पनि पर्ने भएकोले परिचय पत्र नियमावलीको प्रस्ताव राखिएको हुन सक्ने बताउनु भयो । एनआरएन को ५६ मुलुकमा संजाल रहेको र नेपालको आर्थिक, सामाजिक, आधारभूत निर्माण तथा बौद्धिक स्तरमा सेवा दिइरहन गैर आवसीय नेपालीले सक्ने भएकोले पनि दोहोरो नागरिकताको महत्व रहेको पनि वहाँले बताउनु भयो । यस मुद्दालाई लिएर नेपाल सरकारको ध्यान आकर्षित गर्न धर्ना दिन पनि सकिने वहाँले बताउनु भयो । गैर आवासीय नेपालीहरुको विश्व सम्मेलनमा भाग लिन बेलायतका १५० जनाको प्रतिनिधि मण्डलको नेतृत्व गरी आफु नेपाल जाने पनि वहाँले बताउनु भयो । अन्तरक्रियामा ज्येष्ठ सहभागी आठ दशकका बसन्त पार गर्नु भएका तर रातो पिरो र दह्रो देखिनु हुने कवि तथा साहित्यकार श्रद्धेय ईश्वर मानन्धरले अन्तरदेशीय सम्बन्धमा साहित्यले दिन सक्ने देन ६० को दशकको दाँजोमा नेपाली छापा र इन्टरनेटले बढी पुऱ्याएको बताउनु भयो ।

प्रश्न केमा अडियो भने डाक्टरी सेवामा लामो समयदेखि बेलायत बस्ने नेपालीहरुको भावना, इञ्जिनीयरहरुको भावना, नर्सहरुको भावना, कम्प्यूटर इञ्जिनीयरहरुको भावना त्यस्तै पर्यटन सम्बन्धका प्रखर व्यक्तिहरुको भावना भने बुझ्न पाइएन । हो, ध्रुव केसी नेपाली पर्यटनको धुरन्धर दूत हुनुहुन्छ, उहाँलाई कार्यक्रममा देखें तर उहाँको प्रस्तुती सुन्न पाइएन । त्यसो त एनआरएनको पहलमा पूर्व अध्यक्ष अशोक श्रेष्ठ, निवर्तमान अध्यक्ष (भूपू मेजर) डमर घलेका पालामा भएका विभिन्न गोष्ठी, शोधपत्रहरु र सम्मेलनका निचोडहरुमा धेरै व्याख्या होलान् तर महामहिम कार्यवाहक राजदूत झविन्द्रप्रसाद अर्यालले भन्नु भए जस्तै संविधानको मुल धारामा अरु देशको नागरिकता लिएमा नेपालको नागरिकता स्वतः खारेज हुने बुँदाको उपचारमा लाग्नु पर्ने पो हो कि ? जे भए पनि यो प्रयास हो आफ्नो चिनारी बारे बुझ्ने, तर सफलता प्राप्त गर्न दोस्रो पुस्ताका यूवाहरुलाई पनि सहभागी गराउनु आवश्यक छ ।

# तिहारको रमझममा फोहोरको रजाइँ

**☺☺☺☺ हाल वेहाल ☺☺☺☺**

**॥ नारद पण्डित ॥**

काठमाण्डौमा समस्याबाट भुक्तभोगी भएका हुलका हुल जमातले जताततै भन्न थाले - '... होर' , '...होर...' !

तिहारको बेला, हानेछ क्याहो कसैले ताल माथि ताल भन्ने लाग्यो । ल बा अब क-कसले जितौरी पाउलान् भन्ने पनि लागेको थियो । जितौरीको आशा बोकेर लुसुक्क गर्दै कुनाबाट यसो कान थापेको त के हुनु नि अरु, त्यहाँ त फोहोरको हुँकार पो रहेछ । जमरजुत्तेले बाटो छेके झैं काठमाण्डुका चोक जति मा 'फो...होर' थुप्रिएर बाटो छेकेको पो रहेछ ।

अचम्म लाग्यो यो पशुपतिका कृपाले चलेको देशमा फोहोर हटाउन पनि ओखरपौवाका बारीमा फलेको ओखर ल्याएर संघारमा राखेर फोर्न पर्दोरहेछ । यो फोहोरमा हुर्कने जमरजुत्तेलाई तहलाउने नेतागणलाई ओखर फोरे जसरी लोहोराले बजार्ने मन्त्र पर्खेर तिहारको मुखमा एक थरी त तीन गड्डी लिएर एक्काइस पत्तीको खालमा बसेछन् । अर्काथरिले भने मानव विकास सूचकांकको ताँतीमा पुच्छार तिरबाट नेपालको नाम खोज्दै जाँदा यसमुनि पनि अरु नाम देखेर पत्यार नलागी नलागी पशुपतिको छत्रछायाँ त फापेकै रहेछ भन्ने मनमा गम्दै पुजारी फेरे कतै अनिष्ट त हुदैंन भन्ने डरमा थर - थर काँपिरहेका थिए ।

त्यो विवादास्पद स्थलमा अवस्थित शिव बाबालाई पनि के झोक चलेछ कुन्नि फोहोरको डुँगुरमा लुछाचुडी गर्न आउने पुजारीको देशलाई दश कदम माथि नै पारेछन् । अचम्म छ बा, दान दिएर पुजारी पाल्ने जजमान सधैंका माइखाने, पुजारी भट्ट चाँही भेटी माथि दाई हाली खाने । तैपनि पशुपतिको महिमा ... टिकेकै छ ।

नेतागणको बुद्धिमा थुप्रेको फोहोरको जम्मरजुत्ते मार्न ओखर फोर्ने तिहार कहिल्यै आएन, अनि विचरा पशुपतिका कृपाले कति नै चल्थ्यो र ? बरु यी भारतका पुजारी भन्दा नर्बेका पादरीले पशुपतिको पुजा गरे यो अनिस्टकारी फोहोरी जम्मरजुत्ते थन्किन्थ्यो कि ! आधा शताब्दि अघि हाम्रै दामल रहेको नर्बे टुप्पामा पुगेछ हामी चाँही सगरमाथाको हिउँ पग्लिएर बगेको पानी झैं बग्दै बग्दै १४४ स्थानमा ।

फोहोरको डङ्गुरको गन्धलाई कुटनीतिक चालको दाउ ठान्ने हाम्रा नेता कस्ता भने लैनचौरबाट निस्केको झन्कारमा झर्कने तर जनताको नाममा बज्रने, भेटीको तालमा मस्कने अनि आफ्नै भविष्यको अन्धकारमा खस्कने ।

फोहोर बस्तीमा फोहोर मानसिकता लिएर लगाम कस्नेहरुले संविधानमा आफ्नै फोहोरी बानी सपार्ने सपना छाडेका छैनन् । यहाँ जनताको मतका आधारमा बनेका जनप्रतिनिधिहरु लगामको तालमा लर्को लाग्न बाध्य छन् र जनताबाट तिरस्कृतहरुद्वारा बाँधिएका छन् । जनताले नपत्याए पनि असली मालिक रिझाउन सकेपछि फोहोरको डङ्गुरमा कमल फुलाउने सपना बाँडेर खेलिने फोहोरी खेलमा च्याखे थाप्नेहरुको भीड लाग्ने नै भयो ।

भीड भाडको सभाले संविधान लेख्ला नलेख्ला तर यो पण्डित यहाँ जनभावना नसमेटिएला भन्ने चिन्ता लेख्न सक्छ । यो तिहारको जुवाडी नसामा फोहोरको चाङ माथि बसेरै भए पनि सरकार अरु केही दिन धकेल्न सक्छ । कसैलाई जनवादको अग्रगमनकारी संविधान चाहिएको छ कसैलाई प्रतिगामी मौका समात्ने चान्स भएको धारा उपधारा चाहिएको छ अनि कसैलाई यथास्थिति कायम गर्न काठमाडौंको फोहोर माथि कमलको फूल फक्रिएको जस्तो कुटनीतिक दाउ चलाउने माहोल चाहिएको छ । मलाई पनि यो विषय यहाँ टुङ्ग्याउने आधार चाहिएको छ ।

## गोर्खा नेपाली समाज ....

समाज हन्स्लोका सदस्यहरुका परिवारलगायत वरपरका नेपालीहरुको कार्यक्रममा सहभागिता थियो । कार्यक्रममा सहभागीहरुले एक आपसमा दशैं शुभकामना आदान प्रदान गरेका थिए । दिवा भोज, सांस्कृतिक कार्यक्रम र ताइक्वान्डो प्रदर्शनले कार्यक्रमलाई रोचक बनाएको थियो ।

नेपाली राष्ट्रिय गानबाट उद्घाटन गरिएको सो कार्यक्रममा समाजका अध्यक्ष विष्णुबहादुर गुरुङ्गले सहभागीहरुलाई स्वागत गर्दै २०६६ सालको बडा दशैंको शुभकामना व्यक्त गर्नु भएको थियो । काउन्सीलले संस्थाका सदस्यहरुलाई निःशुल्क तालिम र संस्था सञ्चालनको लागि कोषहरु उपलब्ध गराएको समेत उहाँले जानकारी दिनु भयो । कार्यक्रममा अध्यक्ष गुरुङले भन्नुभयो - 'यो संस्था लाहुरेहरु र समुदायका सदस्यहरुको मात्र नभई नेपालबाट बेलायत आई बसोवास गर्ने सम्पूर्ण नेपालीहरुको साझा समावेशी संस्था हो ।'

नेपाली दूतावासका कार्यवाहक राजदूत झविन्द्रप्रसाद अर्याल र लन्डन बरो अफ हन्स्लोका मेयर पल लिन्चले उपस्थित काउन्सीलरहरुलाई गोर्खा नेपाली समाज हन्स्लोलाई आवश्यक सहयोग पुऱ्याउन आग्रह गर्नु भयो ।

स्वास्थ्य सेवा तथा पब्लीक हेल्थ रिसर्चमा विद्यावारिधी गर्नु भएकी डा. सुमिता सिं लामा, चाइना युनिभर्सिटीबाट एमबीबीएस गर्नु भएका डा. मिलन सुब्बा, इष्ट लण्डन डकल्याण्ड युकेबाट मोवाइल कम्युनिकेसन इन्जिनियरिङमा एमएससी गर्नु भएकी रचना श्रेष्ठ, नेपालस्थित काठमाडौं विश्वविद्यालयबाट एमबीबीएस गर्नु भएका विकास तुलाचन, मिडलसेक्स युनिभर्सिटीबाट वायो मेडिकल साइन्समा ग्रयाजुयट गर्नु भएकी पुनम रोका, वेष्ट मिनिष्टर युनिभर्सिटीबाट कम्प्युटर कम्युनिकेशन तथा नेटवर्कमा स्नातक गर्नु भएका सुजन गुरुङ र लङफोर्ड कम्युनिटी स्कुल, फेलथामबाट जीसीएससीमा पाँच ए ग्रेड लिन सफल हुनु भएकी प्रभा (सजिना) श्रेष्ठ र उहाँहरुका अभिभावकहरुलाई प्रमुख अतिथी अर्यालले खाता ओढाउनु भएको थियो भने मेयर लिन्चले प्रशंसा पत्र वितरण गर्नु भएको थियो ।

कार्यक्रम सफल बनाउन सचिव डोल मल्ल, कोषाध्यक्ष शिवकुमार पालुङ्गा, सांस्कृतिक समितिका लालबहादुर रोका, सिर्जना गुरुङ्ग लगायत सम्पूर्ण कार्यसमितिका सदस्यहरुले उल्लेखनीय योगदान पुऱ्याउनु भएको संस्थाले जनाएको छ । कार्यक्रम सफल बनाउन योगदान दिने सबैलाई संस्थाको तर्फबाट अध्यक्ष विष्णुबहादुर गुरुङले आभार व्यक्त गर्नु भएको छ । कार्यक्रम साँझ ५ बजे सुरु भई राती १२ बजे समापन भएको थियो ।

## अन्तर्राष्ट्रिय खाद्य ऐन लागु हुने

काठमाडौं/ खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागले २०२३ सालको खाद्य ऐनलाई परिमार्जन गरी नेपालमा पनि नयाँ अन्तर्राष्ट्रिय खाद्य ऐन लागु गर्ने भएको छ । सरकारले लागु गरेको पुरानो खाद्य ऐनको प्रभावकारीतामा कमी आइरहेको र नेपालले अन्तराँष्ट्रिय व्यापार संगठनको सदस्यता लिएका कारण सरकारले अन्तर्राष्ट्रिय खाद्य ऐन लागु गर्न लागेको हो । नयाँ ऐनमा गुणस्तर सहमति, जोखीम विश्लेषण जस्ता नयाँ प्राबधानलाई समेटिएको खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागकी महानिर्देशक जीवनप्रभा लामाले बताइन् ।

सेकुरिटी ट्रेनिङ्ग र काम
EVEREST SECURITY
Pathibhara Training
पाथिभरा ट्रेनिङ र एभरेष्ट सेकुरिटीलाई सम्झनुहोस्
Our Services:
*Doorman Course & Security Guarding
*CCTV (Pss) Level 2 and Health & Safety
*Security Job
*Bank Account खोल्न र NI को लागि चिठ्ठी
*खाना र बस्ने सुविधा £5.00 per Night
Contact: T- 0845 257 6212 M: 078253 98712
Email: info@everestsecurity.co.uk
www.everestsecurity.co.uk

DK Accountancy
"We aim to turn your vision to success"
Our services:
Business startups
Customised business advice
Accounting systems setup
Book-keeping services
VAT returns
Payroll (PAYE) administration
Accounts preparation
Tax computation & returns
Management reporting
Tel: 020 8575 7684
07727262201
Post:233 Allenby Road, Southall, Middlesex, UB1 2HB
For General Enquiries: info@dkaccountancy.com
Website: http://www.dkaccountancy.com
DK Accountancy Chartered Certified Accountants